कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

०८३-५२३६७२/५२१७०५
ईमेलः mosdsurkhet@gmail.com
mosd@karnali.gov.np

पत्र संख्या : २०८२/०८३ (आर्थिक प्रशासन शाखा)

च.नं. १७७४

मितिः-२०८२/०३/०२

विषयः- भुक्तानी निकासा बन्द हुने तथा भुक्तानी फरफारख सम्बन्धी अनुरोध।

श्री सरोकारवालाहरु सबै।

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आ.व. २०८२/०८३ को विनियोजित बजेटबाट सञ्चालित आयोजना/परियोजना/कार्यक्रमहरु समयमै सम्पन्न गरी निर्धारित समयभित्रै भुक्तानी/फरफारख गर्नुपर्ने भएकोले **कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२** को नियम ३३ बमोजिम कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको तथा आर्थिक वर्षको अन्तमा एकैपटक भुक्तानी गर्नुपर्दा भुक्तानी प्रणालीमा हुने चापलाई समेत मध्यनजर गरी समयमै सम्पूर्ण कार्यसम्पन्न गरी भुक्तानीसम्बन्धी रीतपूर्वकको फायल मन्त्रालयको आर्थिक प्रशासन शाखामा पेश गरिसक्न हुन सम्बन्धित सबैमा अनुरोध छ। साथै कुनै कारणवश उक्त समयभित्र पेश नभएका फायलहरुको भुक्तानी छुट हुन गएमा मन्त्रालय जवाफदेही नहुने र सोको जिम्मेवारी सम्बन्धितले नै वहन गर्नुपर्ने व्यहोरा समेत अनुरोध छ।

२०८२/०३/०२

याम बहादुर बुढा
प्रमुख लेखा अधिकृत

बोधार्थः
श्री महाशाखा प्रमुखज्यूहरु सबै।